# खुम्बु पासाङल्हामु गाउँपालिकाको

## पर्यटक प्रवेश शुल्क व्यवस्थापन कार्यविधी २०७४

(स्वीकृत मिति : २०७४ / ०८ / १९ गते )

## खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

# सोलुखुम्बु

# खुम्बु पासाङल्हामु गाँउ पालिकाको पर्यटक प्रवेश शुल्क व्यवस्थापन कार्यविधी २०७४

**प्रस्तावनाः** नेपालको संविधान धारा ५७ को उपधारा ४ अन्तर्गत अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची अन्तर्गत अधिकार रहेको पर्यटन शुल्कलाई यस गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने विदेशी पर्यटकहरुबाट उठान गर्न खुम्वु पासाङ ल्हामु गाँउपालिकाको ऐतिहासिक प्रथम गाँउ सभावाट पारीत नीति बमोजिम र गाँउ कार्य पालिककाको निर्णय समेतको आधारमा उक्त शुल्क उठाउन शुरु गरिएकोमा त्यसलाई थप व्यवस्थित गर्न र त्यसवाट उठेको रकमलाई गाँउपालिकाको क्षेत्र भित्र पर्यटन तथा अन्य आवश्यक पुर्वाधार विकास निर्माण क्षेत्रमा लगानी गर्न वान्छनीय देखिएकोले तत्काल वस्ने गाँउ सभाले अनुमोदन गर्ने गरी खुम्व पासाङ ल्हामु गाँउकार्यपालिकाले पर्यटक प्रवेश शुल्क व्यवस्थापन कार्यविधी २०७४ तयार गरि लागु गरेको छ ।

### भाग १ प्रारम्भ

१.१ **संक्षीप्त नाम र प्रारम्भः** यस कार्यविधीको नाम खुम्व पासाङ ल्हामु गाँउपालिकाको पर्यटक प्रवेश शुल्क व्यवस्थापन कार्यविधी २०७४ रहेको छ । यो कार्यविधी गाँउकार्यपालिकावाट निर्णय भएको मिति देखि लागू हुनेछ ।

१.२ **परिभाषाः**

क) गाँउ सभा भन्नाले खुम्वु पासाङ ल्हामु गाँउपालिको सभालाई जनाउनेछ ।

ख) गाँउ कार्यपालिका भन्नाले खुम्बु पासाङ ल्हामु गाँउ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) पर्यटक प्रवेश शुल्क भन्नाले यस खुम्वु पासाङ ल्हामु गाँउपालिका क्षेत्र भित्र प्रवेश गरेका विदेशी पर्यटकहरुवाट उठाउने रकमलाई सम्झनु पर्दछ ।

घ) कार्यालय भन्नाले खुम्बु पासाङ ल्हामु गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) वैंक भन्नाले प्रचलित कानुन वमोजिम नेपाल राष्ट्र वैकवाट स्वीकृत प्राप्त खुम्बु पासाङल्हामु गाँउपालिकाले संचीतकोष संचालन गर्न तोकेको आर्थिक कारोवार गर्ने संस्थालाई सम्झनु पर्दछ ।

च) सञ्चीत कोष भन्नाले खुम्वु पासाङ ल्हामु गाँउपालिकाको सञ्चीत कोषलाई सम्झनु पर्दछ ।

छ) सार्वजनिक जवाफदेहीको पद भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए पनि कुनै रुपमा निवृत हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानुनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य, र अधिकार भएको पद सम्झनु पर्दछ ।

## भाग २ पर्यटक प्रवेश शुल्क सम्वन्धि व्यवस्था

२.१ यस गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने जुनसुकै विदेशी पर्यटकबाट गाँउ सभाले निर्णय गरेको दरको आधारमा पर्यटक प्रवेश शुल्क उठाईनेछ ।

२.२ पर्यटक प्रवेश शुल्क उठाउदा गाँउपालिका प्रवेश गर्ने मुख्य वाटो वा गाँउ कार्यपालिकाले निर्धारण गरि दिएको स्थानवाट उठाईनेछ ।

२.३ पर्यटक प्रवेश शुल्क उठाउदा यस कार्यविधिकिो अनुसूची १ मा संलग्न नमूना वमोजिमको रसिद प्रयोग गरिनेछ । रसिदको नियन्त्रण र अनुगमन गाँउ कार्यपालिकाले गर्ने छ ।

२.४ पर्यटक प्रवेश शुल्क उठाउदा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम आफै कर्मचारी खटाएर वा ठेक्का पट्टा वा वोल कवोल गरेर वा कुनै संघ संस्थासँग सम्झौता गरी वा अन्य कुनै पनि माध्यमवाट गर्न सकिनेछ ।

२.५ जुनसुकै माध्यमवाट पर्यटक प्रवेश शुल्क उठाए पनि संझौतावाट भए सोही बमोजिम र अन्यथा भए दैनिक संकलित रकम सम्भव भए सम्म सोही दिन अन्यथा भोली पल्ट र सार्वजनिक विदा परे त्यस पछि वैंक खुल्ने दिन संकलित भएको रकम गाँउपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

## भाग ३ संकलित पर्यटक प्रवेश शुल्क रकमको खर्च व्यवस्थापन

३.१ माथि उल्लेखित जुनसुकै माध्यमवाट संकलित भएको पर्यटक प्रवेश शुल्कको रकम सिधै खर्च गर्न वा सापटी दिन वा अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन ।

३.२ संचित कोषमा जम्मा भएको पर्यटक प्रवेश शुल्क गाँउ सभाले पारित गरेको नीति बमोजिम वार्षिक अनुमानित वजेट वनाई सोही अनुसारको वार्षिक योजना/कार्यक्रम स्वीकृत गरी खर्च गरिनेछ ।

३.३ वार्षिक वजेट, कार्यक्रम तथा योजना वनाउदा कूल संकलित रकमको १० प्रतिशतले हुन आउने रकम नबढने गरी अनुसूची २ मा तोकिएका प्रशासनिक क्षेत्रहरुमा खर्च गर्न पाईनेछ ।

३.४ प्रशासनीक खर्चमा विनियोजन भएको वढीमा १० प्रतिशत रकम बाहेक वाकी हुन आउने रकम अनुसूची ३ मा तोकिएक ापुँजीगत क्षेत्रहरुमागाँउ सभावाट पारित वार्षिक अनुमानित वजेट तथा योजना एंव कार्यक्रम बनाइ प्राथमिकताका आधारमा मात्र खर्च गरिनेछ ।

३.५ पर्यटक प्रवेश शुल्कको संकलित रकम पर्यटन क्षेत्रलाई नै प्राथमिकता दिई खर्च गरिनेछ। पर्यटन क्षेत्र अन्तर्गत पर्यटक, पर्यटन व्यवसायी, पर्यटन मजदुर, पर्यटनसंग सम्वन्धित संघसंस्था आदीको प्रत्यक्ष वा अप्रत्यक्ष हित हुने गरी योजना तथा कार्यक्रम बनाएर मात्र खर्च गरिने छ।

३.६ उल्लेखित दफा ३.५ को कुराले सो बाहेक पनि यस क्षेत्रका वासिन्दाहरुको आवश्यकता, माग, भौगोलिक जरुरीता,आकस्मिक दुर्घटना, दैवीप्रकोप तथा औचित्य पुष्टि हुने क्षेत्रमा कार्यक्रम वनाइ गाँउ सभाले पारित गरेको नीतिभित्र रही गाँउ कार्यपालिकाको निर्णय वमोजिम खर्च गर्न वाधा पुर्याएको मानिने छैन।

## भाग ४ पर्यटक प्रवेश शुल्क सम्वन्धी अन्य व्यवस्था

४.१ गाउपालिका क्षेत्रमा प्रवेश गरे वापत पर्यटकसंग गाँउपालिकाको निर्णय बमोजिम गाँउ कार्यपालिका वाहेक अन्य कसैले पनि पर्यटक प्रवेश शुल्क उठाउन पाउने छैन । तर संघ र प्रदेश कानुन वमोजिम हुने राष्ट्रिय निकुन्ज प्रवेश शुल्क, पर्वतारोहण दस्तुर जस्ता व्यवस्था भने सोहि कानुन वमोजिम नै हुने छ।

४.२ गाँउपालिकाले निर्माण गरेका अन्य पूर्वाधार, पार्क, वगैचा,उद्यान, सङग्रालय, मनोरन्जन स्थल वा अन्य यस्तै ऐतिहासिक महत्वका संरचनाहरुको संरक्षण र सम्वर्द्धनका लागि त्यसको अवलोकन वा प्रयोग गरे वापत गाँउपालिकाले निर्णय गरे वमोजिम छुट्टै शुल्क लिन यसले वाधा पार्ने छैन।

४.३ त्यस्तै कसैले निजी व्यवसायको रुपमा गाउपालिकाबाट अनुमती लिइ माथि उल्लेखित दफा ४.२ मा जस्तै पूर्वाधारहरु निर्माण गरी निजी संरचनामा पनि प्रयोग वा अवलोकनका लागी शुल्क लिनलाई यसले वाधा पु-याएको मानिने छैन।

४.४ पर्यटक प्रवेश शुल्क उठाए वापत मात्रै कसैलाई कुनै पनि थप सेवा सुविधावा सहुलियत दिईने छैन । यसको प्रयोग वार्षिक कार्यक्रम र वजेटको परिधीभित्र रही गाँउ सभाले गरेको नीति बमोजिम मात्र हुनेछ।

४.५ पर्यटक प्रवेश शुल्क उठाए वापत गलत सन्देश प्रवाह गर्ने व्यक्ति, संघसंस्था, एजेन्सीहरुलाई गाँउ कार्यपालिकाले निजले यस क्षेत्रमा गर्ने सेवा प्रवाहमा रोक लगाउन सक्नेछ।

४.६ पर्यटक प्रवेश शुल्क नतिर्ने जनसुकै विदेशी नागरिकलाई गाँउ कार्यपालिकाले यस क्षेत्रमा प्रवेश वा घुमफिर गर्न रोक लगाउन सक्नेछ।

४.७ कुनै पनि वहानामा पर्यटक प्रवेश शुल्क छुट वा मिनाहा दिईने छैन। तर गाँउ कार्यपालिकाले निर्णय गरी निम्न अवस्थामा पर्यटक प्रवेश शुल्कमा छुट वा मिनहा दिन भने सक्नेछ।

(क) कुटनैतिक सम्वन्ध स्थापित निकायमा कार्यरत व्यक्तिहरु।

**(ख)** नेपाल सरकार वाप्रदेश सरकारले छुट वामिन्हादिने भनि गरेको आदेश वा निर्देशन वमोजिमका व्यक्तिहरु ।

**(ग)** गाँउ पालिकाले सहकार्य गरेका व्यक्ति, संघ संस्था वा निकायमा कार्यरत व्यक्तिहरु ।

**(घ)** नेपालमा जन्मेको नेपाली नागरिक तर विदेशको आवासिय नागरिकता पाएका व्यक्तिहरु ।

## भाग ५ विविध

**५.१** पर्यटक प्रवेश शुल्क सम्वन्धमा गाँउ सभाले गरेको निर्णय अन्तिम हुनेछ ।

**५.२** यस शुल्क सम्वन्धमा गाँउ सभाले गाँउ कार्यपालिकालाई र गाँउ कार्यपालिकाले अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतलाई केहि विषयमा तोकेर अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**५.३** यस कार्यविधीलाई समयानुकूल परिवर्तन, परिमार्जन तथा थपघट गर्ने सम्पूर्ण अधिकार खुम्वु पासाङ ल्हामु गाँउ सभामा निहित रहनेछ ।

**५.४** यस कार्यविधी कार्यान्वयन मा कुनै वाधा अडकाउ परे गाँउ कार्यपालिकाले निर्णय गरी बाधा अडचन फुकाउन सक्नेछ ।